# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ, १ नं. प्रदेश, नेपाल

☎ ०३६-४१११०३
☎ ०३६-४१११०४
E-mail :aiselukhanrka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np


प.सः- २०७९/०८०
च.नं.:- ८५४

मिति-२०७९/१०/२९

श्री वडा कार्यालयहरू (सबै),
ऐसेलुखर्क गाउँपालिका ।

**विषयः आगामी आ.व. ०८०/०८१ को लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७) बमोजिम न्यूनतम रोजगारीमा संलग्न हुन चाहने एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेका विपन्न, जीवनयापन जोखिममा परेका बेरोजगार नेपाली नागरिकहरूले यही फागुन महिनाभित्र आवेदन दिनुपर्ने व्यवस्था अनुसार आगामी आ.व. २०८०/०८१ का लागि बेरोजगार व्यक्ति सूचीकरण आवेदन संकलन गर्नु गराउनु हुन अनुरोध छ । बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना पाना १ र आवेदन फारम पाना ४ यसैसाथ संलग्न राखी पठाईएको छ । बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना वडा कार्यालयको सूचना पाटी, वडाभित्रका विभिन्न टोल/वस्तिस्तरमा समेत टाँस गरी सम्बन्धित सबै सरोकारवालाहरूमा जानकारी गर्न गराउनका साथै फागुन महिनाभित्र पूर्ण विवरण सहित रीतपूर्वक प्राप्त आवेदन वडा समितिबाट छानविन गरी वडा समितिको निर्णय सहित वि.स. २०७९ साल चैत्र ७ गतेभित्र रोजगार सेवा केन्द्रमा अनिवार्य पठाउनु हुन समेत अनुरोध छ ।

..............................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ, १ नं. प्रदेश, नेपाल

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukhanrka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np


प.सः- २०७९/०८०
च.नं.:-

मिति-२०७९/१०/२९

**सूचना !          सूचना !!          सूचना !!!**

**विषयः आगामी आ.व. २०८०/०८१ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ (तेस्रो संशोधन, २०७८) बमोजिम आगामी आ.व. २०८०/०८१ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएका वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेका १८ देखि ५९ वर्ष उमेर समूहका सामाजिक र आर्थिक अवसरबाट वञ्चित, विपन्न, जीवनयापन जोखिममा परेका बेरोजगार नेपाली नागरिकहरूले एक-एक प्रति फोटो, नागरिकताको फोटोकपीका साथ आ-आफ्नो वडा कार्यालयमा यही फागुन महिनाभित्र निवेदन पेश गर्न गराउन हुन सम्बन्धित सबै सरोकारवालाहरूमा जानकारीको लागि अनुरोध छ ।

निवेदन फर्म प्रत्येक वडा कार्यालय र रोजगार सेवा केन्द्र, ऐसेलुखर्क तथा गाउँपालिकाको वेभसाइट www.aiselukharkamun.gov.np मा उपलब्ध छ । निवेदन फर्ममा उल्लेखित व्यक्तिगत, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय लगायतका सम्पूर्ण विवरण यथार्थपरक र पूर्ण हुनुपर्नेछ । अन्यथा फर्म रद्द हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

..........................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत